बडीमालिका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मार्तडी, बाजुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८१/८२

च.नं.

मितिः २०८१-०९-१८

ने.सं.: ११४५ पोहेलाथ्व ३ बिहीबार

**बडीमालिका नगरपालिकाको छापा तथा अनलाइनका लागि लोककल्याणकारी विज्ञापन सूचीकृत हुने सम्बन्धी सूचना !**

बडीमालिका नगरकार्यपालिकाको कार्यालयबाट सूचना, विज्ञापन तथा जनहितमा जारी सन्देश प्रकाशन, प्रसारणका लागि छापा अनलाइन तथा सामुदायिक रेडियो, एफ. एमहरु सूचीकृत गर्न आवश्यक भएकोले बडीमालिका नगरपालिका छापा तथा अनलाइनका लागि लोककल्याणकारी विज्ञापन वितरण सम्बन्धी कार्यविधि-२०८० को दफा ३ बमोजिम प्रकाशन सम्परीक्षण तथा अनुगमन समितिको बैठकले पछि दररेट तोक्नेगरी सोही कार्यविधिको दफा १३ को निम्न शर्तहरुको अधीनमा रहेर सूचीकृत हुन चाहने सञ्चारमाध्यमहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तपसिलका पूर्ण विवरणसहित यस कार्यालयको राजश्व शाखामा आफ्नो फर्म दर्ता गराउन हुन अनुरोध छ।

तपसिलः

१. छापा तथा अनलाइन पत्रिका र सामुदायिक रेडियो एफ.एमहरु कानुन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नु पर्नेछ।

२. नगरपालिकाले सार्वजनिक गरेका नीति, कार्यक्रम, प्रगति, दैवी प्रकोप सम्बन्धी तथा आपतकालीन सूचनाहरु अनिवार्यरुपमा निशुल्क प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ ।

३. पत्रपत्रिकाहरु नगरपालिकाको क्षेत्रभित्र पुगेको हुनुपर्नेछ। सामुदायिक एफ. एम हरुले नगरक्षेत्र कभरेज गरेको हुनुपर्नेछ।

४. मुल्य अभिवृद्धि करको स्थायी तथा अस्थायी प्रमाणपत्रको प्रतिलिपी संलग्न गर्नु पर्नेछ।

५. करचुक्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न हुनु पर्नेछ।

पदमबहादुर माझी

प्रमुख प्रशासकीय अधिकृत